## १. लैङ्गिक हिंसा के हो ?

लैङ्गिक हिंसा बारेमा बुझ्नका लागि लिङ्ग र लैङ्गिकताबारे बुझ्न आवश्यक छ । सामान्यतया जन्मजात प्राप्त जैविक भिन्नतालाई लिङ्ग भनिन्छ, जस्तै स्त्री लिङ्ग, पुरुष लिङ्ग र अन्य । अर्थात महिला र पुरुष तथा तेस्रो लिङ्गीबीचको प्राकृतिक भिन्नता नै लिङ्ग हो । यो संसार भर एउटै हुन्छ र यसलाई परिवर्तन गर्न सकिदैन । लैङ्गिकता भन्नाले प्राकृतिक लिङ्गभेदको आधारमा महिला र पुरुषका लागि समाजले निर्धारण गरेको कामको भूमिका वा सामाजिक जिम्मेरवारी, लिङ्ग कै आधारमा गरिने फरक-फरक अपेक्षा, लिङ्गकै आधारमा बनाइएका फरक-फरक कानूनी व्यवस्था, मानिसका धारणा, विचार, दृष्टिकोण र सामाजिक मुल्य मान्यता, रितिरिवाज, आदिलाई जनाउँछ । लैङ्गिकता विश्वव्यापी रुपमा संसारभर एउटै हुँदैन । यो धर्म, संस्कार र संस्कृति, सामाजिक संरचना, जातजाति, समुदाय, भूगोल अनुसार फरक-फरक हुने गर्दछ । यसलाई मानिसले नै सृजना गरेको हो र परिवर्तन गर्न सकिन्छ ।

लैङ्गिकताका आधारमा समाजले कोही व्यक्ति महिला वा पुरुष भए कै कारण उसबाट फरक-फरक भूमिका अपेक्षा गरेको हुन्छ र सो भूमिका निर्वाह गर्न नसकेको वा समाजले बनाएको भूमिकाभन्दा फरक व्यवहार देखाएको अवस्थामा उसमाथि भेदभाव, दुर्व्यवहार, गालीगलोज हुने गर्दछ । त्यसैले एउटा व्यक्तिलाई उसको लिङ्गकै आधारमा गरिने भेदभाव, दुर्व्यवहार, अपमान, गालीगलोज, पीडा वा धम्कीजन्य व्यवहार आदि सबैलाई लैङ्गिक हिंसा भनेर बुझ्नु पर्दछ । महिला र पुरुष दुबैका विरुद्धमा भएका माथि उल्लेखित व्यवहारलाई लैङ्गिक हिंसाका रुपमा बुझ्नु पर्दछ । नेपाल एक पितृसतात्मक, पुरुष प्रधान देश भएको र अधिकांश यस्ता हिंसाहरु महिलाहरुमाथि हुने गरेकाले सामान्यतयाः लैङ्गिक हिंसा भन्नले महिलाहरुमाथि हुने हिंसा भनेर बुझ्ने गरेको पाइन्छ ।

## २. लैङ्गिक हिंसाका प्रकारहरु :

| हिंसाको प्रकार | व्याख्या | अवस्था |
|---|---|---|
| घरेलु हिंसा | घरेलु सम्बन्ध भएकाहरु बीच हुने दवाव, शारीरिक हिंसा, छोरी जन्मिएकै कारण गरिने घृणा, यौनजन्य हिंसाहरु आदि । | २६ प्रतिशत महिलाले मात्र आफूमाथि भएको हिंसा अरुलाई सुनाउने गरेका छन् । ६६ प्रतिशत महिलाहरु कुनै न कुनै शारीरिक वा मानसिक हिंसा भोगे पनि कसैलाई नसुनाई वा उजुरी नगरी बस्छन् । (NDHS 2016) |
| यौनजन्य हिंसा | यौनहतास, बलात्कार, यौनशोषण, जबरजस्ती करणी, बालविवाह, वैवाहिक यौन शोषण | १५-४९ उमेर समूहका ७ प्रतिशत महिलाहरुले यौन हिंसाको सामना गर्नु परेको छ । (NDHS 2016) |
| शारीरिक हिंसा | पिट्ने, तातो वस्तु वा आइरनले पोल्ने, हतियारले काट्ने, दण्डसजाय दिने, यातना दिने, श्रम शोषण, डोरीले बाँध्ने, बोरामा हाल्ने, जलाउने, लठ्ठी, सिर्कानो, डस्टर आदिले हान्ने, लठ्ठीले घोच्ने, शरीरका अङ्गहरु चेपी दिने, कपाल भुत्ल्याउने, छाला चिमोटी दिने, उठ्बस् गर्न लगाउने, एक खुट्टाले उभिन लगाउने, बेञ्चमा उभ्याउने, कुखुरा बनाउने, गह्रौं वस्तु बोक्न लगाउने, आदि । | २६ प्रतिशत महिलाहरुले शारीरिक हिंसा भोग्ने गरेको (आफ्नो श्रीमानबाट १० प्रतिशत) अनुशासनको नाममा ७८ प्रतिशत बालबालिकाले दण्डसजाय पाउने गरेका । ३० प्रतिशत महिला र २३ प्रतिशत पुरुषहरु, श्रीमानले श्रीमतिलाई कुटपिट गर्नु सामान्य हो भनी स्वीकार गर्दछन् । (NDHS 2016) |
| मानसिक हिंसा | मानसिक तनाव दिने, डरत्रास फैलाउने, अपमानजनक व्यवहार गर्ने, गालीगलोज गर्ने, दोष लगाउने, चरित्र हत्या गर्ने, आत्महत्याको प्रयास, छुवाछुत, भेदभाव, जिस्क्याउने, सरापने, वहिष्कारमा पार्ने आदि । | १५ देखि ७१ प्रतिशत महिलाहरु आफ्नो जीवनको कुनै न कुनै विन्दुमा शारीरिक मानसिक एवम् दुबै खाले हिंसाबाट प्रभावित भएका छन् । (विश्व स्वास्थ्य संगठन) |
| आर्थिक हिंसा | सगोल वा निजी सम्पति प्रयोगमा रोक लगाउने, जागिर खान, पेशा व्यवसाय सञ्चालन गर्नमा रोक लगाउने, वस्तु वा सामग्री किनबेचमा सहभागी नगराउने, आर्थिक स्रोतको पहुँच वा प्रयोगमा बञ्चित गर्ने । | कुल घरधुरीमध्ये ३१ प्रतिशत घर परिवारमा मात्रै महिलाको नाममा घर वा जग्गा छ । ३८ प्रतिशत महिला घरमा हुने ३ वटा निर्णय प्रकृयामामात्र सहभागी हुन्छन् (घरको लागि समान किन्न, आफन्तको घरमा जान र स्वास्थ्यका बारेमा) (NDHS 2016) |
| सामाजिक र साँस्कृतिक हिंसा | दाइजो प्रथा, छुवाछुत, सानोठूलो जात भनी गरिने विभेद, बालविवाह, बहुविवाह, बालश्रम, छाउपडी प्रथा, बोक्सीको आरोप, आदि । | १५ देखि १७ वर्षको बीचमा विवाह भएका किशोरीहरु १७ प्रतिशत रहेको छन् । (NDHHS 2016) |

## ३. बालबालिकामाथिको हिंसाको अवस्था

एकदेखि चौध वर्ष उमेर समूहका प्रत्येक १० मध्ये ८ जना अर्थात ८० प्रतिशत बालबालिकाले अनुशासनको नाममा मनोसामाजिक तथा शारीरिक हिंसा भोग्ने गरेका छन् । नेपालका अधिकांश बालबालिकाले अनुशासनको नाममा अभिभावक, शिक्षक र संरक्षकहरुबाट शारीरिक हिंसा पाउने गरेका छन् । यस्ता खाले शारीरिक हिंसा धनी र गरिब दुबै घरपरिवारका बालबालिकाले भोग्ने गरेका छन् । ७० प्रतिशतभन्दा बढीमा मनोसामाजिक आक्रमण तथा ५० प्रतिशतभन्दा बढीमा शारीरिक (१४ प्रतिशतले गम्भिर प्रकार) शारीरिक हिंसा भोग्ने गरेका छन् ।

बाल्यकालमा भोगेका हिंसाको नाकरात्मक असर स्वरुप अन्तरपुस्तासम्म हिंसाको चक्र निर्माण गर्दछ । जुन बालकले शारीरिक हिंसा भोगेको छ वा आफ्नी आमाले शारीरिक हिंसा भोगेको देखेको छ उसले वयस्कअवस्थामा आफ्नी श्रीमतिमाथि हिंसा गर्ने सम्भावना वढी रहन्छ । यस्तै शारीरिक हिंसा भोगेकी वा आफ्नी आमाले शारीरिक हिंसा भोगेको देखेकी बालिका वयस्कअवस्थामा घरेलु हिंसाको शिकार हुने सम्भावना बढी हुन्छ । शारीरिक हिंसा पाएका बालबालिकाले पछि आफू अभिभावक बनेको अवस्थामा आफ्ना छोराछोरीमाथि पनि हिंसा गर्ने सम्भावना बढी हुन्छ । युनिसेफको एक प्रतिवेदन अनुसार संसारभरका १३ देखि १५ वर्ष उमेर समूहका झण्डै आधा (१५० लाख) बालबालिकाले विद्यालय भित्र वा बाहिर आफ्नै साथीहरुबाट हिंसा भोगेका छन् । नेपालमा १३ देखि १५ वर्ष उमेर समूहका ५० प्रतिशतभन्दा बढी विद्यार्थीहरुले १ महिनाको अवधिमा एक वा एकभन्दा बढी पटक हेपाईमा परेको बताएका छन् । यस उमेर समूहका झण्डै ४० प्रतिशत विद्यार्थीहरुले एक वर्षको अवधिमा कम्तीमा एक पटक शारीरिक मुक्केबाजमा संलग्न रहेको बताएका छन् ।

## ४. लैंङ्गिक हिंसाहरु अन्त्य गर्ने उपायहरु :

- जनचेतना अभिवृद्धि गर्ने,
- लैङ्गिक संवेदनशील वानी व्यहोराहरु अवलम्वन र अभिवृद्धि गर्ने,

- कानुन, नीति, निर्देशिका, कार्यविधि, आदिको प्रभावकारी कार्यन्वयन गर्ने,
- स्थानीय आवश्यकता अनुसार नीति, आचारसंहिता, निर्देशिका जारी गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने,
- गाउँपालिका र नगरपालिकाले गुनासो सुनुवाइ कार्यविधि २०७४ लाई अनुमोदन गरी विद्यालयहरुमा गुनासो सुनुवाइ समितिलाई सक्रिय पार्ने,
- पालिकाहरुले जारी गरेका बालसंरक्षण नीति तथा आचारसंहितालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने,
- पालिकामा विद्यमान लैङ्गिक हिंसाको विरुद्धमा काम गर्ने समूह, समितिहरु (बालक्लब, बालक्लब सञ्जाल, युवा समूह, किशोरी समूह, बालसंरक्षण समिति, बालअधिकार समिति, लैङ्गिक हिंसा निगरानी समूह, बालमैत्री स्थानीय शासन समिति, मेलमिलाप केन्द्र, प्रहरी आदि) लाई थप क्षमता अभिवृद्धि गरी पालिका स्वयम्ले परिचालन गर्ने,
- हिंसा गर्ने पीडकलाई कुनै पनि आधारमा संरक्षण नगरी कानूनी कारवाहीको दायरामा ल्याउने,
- लैङ्गिक हिंसामुक्त वा शून्य सहनशीलता अवलम्बित विद्यालय, समुदाय घोषणा गर्ने

## ५. बालबालिकाको संरक्षण सम्बन्धीका कानुनी प्रावधानहरु

१) विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । यस्तो विवाह स्वतः बदर हुनेछ । यदि बालविवाह गरिएमा कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ । (मुलुकी ऐन २०७४ अनुसार)

२) कसैले बालयौन दुरुपयोग गर्न वा गराउन हुँदैन सो गरेमा कसुर गर्ने व्यक्तिलाई ३ वर्ष कैद र ३० हजार रुपैयाँ सम्म जरिवाना हुनेछ । (मुलुकी ऐन २०७४ अनुसार)

३) दश वर्ष उमेर नपुगेका बालबालिकाले गरेको कुनै काम कसूर मानिने छैन ।

४) १८ वर्ष ननाघेका बालबालिकाले मञ्जुरी दिएकोमा सोलाई मञ्जुरी मानिने छैन ।

५) कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैले त्यस्तो कसूर गरे सरह सजाय हुनेछ ।

६) कसैले कुनै सार्वजनिक स्थानमा भिक्षा माग्न वा बालबालिकालाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने वहानामा वा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला दिई भिक्षा माग्न दुरुत्साहन दिन हुँदैन । यसो गरेमा पहिलो पटक भिक्षा माग्न लगाएको भए एक वर्षसम्म कैद वा दश हजार रुपैयाँ सम्म जरिबाना वा दुबै र दोस्रो पटकदेखि प्रत्येक पटक तीनवर्षसम्म कैद वा तीस हजार रुपैयाँ सम्म जरिबाना वा दुबै सजाय हुने छ ।

८) कसैले कसैलाई यौन दुर्व्यवहार गर्न वा गराउन हुँदैन । यसो गरिएमा कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँ सम्म जरिबाना हुनेछ ।

९) १८ वर्ष भन्दा मुनिको बालबालिकालाई मञ्जुरी वा विना मञ्जुरी जबरजस्ती करणी गरेमा उमेरको आधारमा निम्न सजाय हुनेछ । (मुलुकी ऐन २०७४ अनुसार)

| उमेर | हुने सजाय |
|---|---|
| १० वर्षभन्दा कम उमेरकी बालिका भए | १६ वर्ष देखि २० वर्ष सम्म कैद |
| १० देखि १४ वर्ष भन्दा मुनिका बालिका भए | १४ वर्ष देखि १६ सम्म कैद |
| १४ देखि १६ वर्ष भन्दा मुनिको बालिका भएमा | १२ वर्ष देखि १४ वर्ष सम्म कैद |
| १६ वर्ष देखि १८ वर्ष भन्दा मुनिका बालिका भएमा | १० वर्ष देखि १२ वर्ष सम्म कैद |
| १८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिला भए | ७ वर्षदेखि १० वर्षसम्म कैद |

# लैङ्गिक हिंसा

## समाजको जल्दा बल्दा सवाल र न्यूनीकरण उपायहरु



लाइफ नेपाल
LIFE Nepal

Province No. 2, Janakpur, Pidari Chowk, Dhanusha, Nepal
Tel. +977-41-590142
E-mail: lifenepal.jnp@gmail.com
Website: www.lifenepal.org